# लहान नगरपालिका

## नीति तथा कार्यक्रम र बजेट पुस्तिका

## (आ.ब. २०८१-२०८२)

लहान नगरपालिका

लहान, सिराहा

मधेश प्रदेश, नेपाल

# लहान नगरपालिकाको नगरसभाको चौधौं अधिवेशन समक्षनगर प्रमुख श्री महेश प्रसाद चौधरीबाट प्रस्तुत आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रम

लहान नगरपालिकाको नगर सभाको १४ औं अधिवेशन समुद्घाटन समारोहमा पाल्नु भएका प्रमूख अतिथि, विशिष्ट अतिथी,अतिथी, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, संचारकर्मी, एवं कर्मचारी, सरोकारवाला व्यक्ति लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

१. लहान नगरपालिकाको आर्थिक वर्ष २०८१-०८२ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।यस नगर सभाको १४ औं अधिवेशनमा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई म लहान नगरपालिकाको नगर प्रमुख तथा सभाको अध्यक्षको हैसियतले हार्दिक स्वागत गर्दै लहान नगरपालिकाको चालु आर्थिक वर्ष २०८०-०८१ को प्रगति विवरण समिक्षा तथा आगामी आर्थिक वर्ष २०८१-०८२ को वार्षिक नीति तथाकार्यक्रम र वजेट संक्षिप्त रुपमाप्रस्तुत गर्न गईरहेको छु ।

२. नेपालमा सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनार्थ विभिन्न काल खण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत विभिन्न पहिचान तथा अधिकार प्राप्तिका आन्दोलनहरुमा आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै वहाँहरुको आत्माको चिर शान्तिको कामनाका साथ सम्पूर्ण सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै विभिन्न चरणका आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा पीडित, प्रताडितहुनुभएका महान व्यक्तिहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

३. प्रजातान्त्रिक प्रणालीको नवीनतम आयाम अनुरुप लोकतान्त्रिकमूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समुन्नत लहान निर्माणका लागि यस नगरपालिकाको नगर प्रमुखको जिम्मेवारी प्राप्त गरी कार्यकालको दोश्रो वर्षको कार्यसम्पादनकोसमिक्षा गर्दै गर्दा हामि सम्पुर्ण जनप्रतिनिधि सभ्य, सुन्दर र समुन्नत लहान नगरी निर्माणमा एक भई अघी वढेका छौं । नगरकोसर्वाङ्गीण हितलाई केन्द्रबिन्दुमा राखी विगतमा संचालित योजना/कार्यक्रमहरुलाई सम्पन्न गर्दै हामीले अधुरा योजना समपन्न गर्ने तर्फ र नयाँ नवप्रवर्तन, रोजगरमुलक, आयामिक क्षेत्रगत योजनाहरु पहिचान गरी आ.व. २०८०-०८१माक्रमिक रुपमायोजना तथा कार्यक्रम संचालन गरिएको अवगत गराउन चाहन्छु ।१० औं नगरसभा अधिवेशनदेखि लहान नगरपालिकाले लिएको "हाम्रो लहान-सुन्दर, समुन्नत र सभ्य लहान"भन्ने आदर्श नारालाई आफ्नो नगरको समृद्धिको महान लक्ष्यतर्फ अगाडि बढ्ने मुल मन्त्रको रुपमा अंगिकार गर्दै नगरको वहुआयामिक विकासमा हामीले सम्पुर्ण नगरवासीको हातमा हात काँधमा काँध मिलाई अगाडि बढ्ने जमर्को गर्दै आएका छौं ।

४. यस नगरपालिकामा पनि गत वर्षका नीति, रणनीति र तयार गरिएको कार्यक्रममाउपयुक्त रुपमा पहिचान भएका स्थानीय श्रोत साधन, सम्भावितराजश्व संकलनका क्षेत्र, अन्तरिकआयसंकलनमा समुचित व्यवस्थापन र वृहत्तर हितमा न्यूनतम कार्य गर्नकानिमित्तराष्ट्रिय स्तरमा नै आर्थिक संकुचन हुँदा, सृजना भएकोवर्तमान अवस्थामा राष्ट्रिय अर्थतन्त्रको चुनौतिले कतिपय लोककल्याणकारी कार्यहरु समेत सम्पादन गर्न नसक्दा समाजमा पर्न गएको असर प्रतिअत्यन्तै गम्भीर भएको छ । तथापि संकुचित आन्तरिक श्रोतलाई क्षेत्रगत रुपमा फराकिलो पार्दै, सूचकगत सुधारमा केन्द्रित भएर, दीगो, योजनावद्ध, संमन्यायिक, फराकिलो, मागमा आधारित विकासका निम्ति प्रतिवद्ध रहेकोसमेत अवगत गराउनचाहन्छु ।लहान नगरपालिकाको सर्वोपरीहितका लागि सहयोग गर्ने सबै निकाय तथा पदाधिकारी एवम् व्यक्तिहरुप्रति आभार प्रकट गर्दै प्रत्यक्ष रुपमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्तहुने सहयोगको अपेक्षाका साथ आगामी दिनमा समेत नगरपालिकाको चुनौति समाधन हेतु निरन्तर सहयात्रा र समन्वयका लागि अपिल समेत गर्दछु।

५. आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालय र कर्मचारीहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि, प्रणालीगतसुशासनको विकास गर्ने नीति अवलम्वन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सरसफाई, विपद व्यवस्थापन, दीगो खानेपानीको श्रोत पहिचान, न्याय निरुपण, मानव अधिकार प्रवर्द्धन, वित्तीयसुशासन, पर्यटन तथा सास्कृतिक जगेर्नाजस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

६. चालु आर्थिक वर्ष २०८०-०८१ मा हामीले लिएका क्षेत्रगत योजना तथा कार्यक्रमहरुमध्ये अधिकांश कार्यक्रमहरु पुरा भएका छन् ।प्रथमिकताका आधारमा नगरले निर्धारण गरेको लक्ष्य हासिल गर्न, रोजगरी सृजना गर्ने, गरिबसीमान्तकृत र दलित परिवारहरुका लागि एकीकृत आवास निर्माण गर्ने, शिप आर्जन तालिम सञ्चालन र मनोरोगबाट पीडित मनिसलाई निशुल्क उपचारका साथै औषधी उपलब्ध गराई सवल अवस्थामा ल्याउने कार्य गरिएको छ । आगामी वर्षमा समेत यी कार्यक्रमलाई निरन्तरता दिन कार्यक्रमगत वजेट व्यवस्था गरिएको छ ।

७. दलित, सीमान्तकृत तथा विपन्न समुदायलाई लक्षित चालु आर्थिक वर्षबाट नगर क्षेत्रभित्र निःशुल्क एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन गरिएको छ । सो कार्यको आगामी वर्षमा समेत निरन्तरता दिइने छ ।

८. सामुदायिक विद्यालयको लागि एक कक्षा एक शिक्षकको व्यवस्था भई शिक्षा गुणस्तर अभिवृद्धि गर्ने कार्य अन्तरगत स्वयंसेवक शिक्षक कार्यक्रमलाई आगामीआर्थिक वर्षमा समेत निरन्तरता दिइएको छ । चालु आ.व. मा सामुदायिक विद्यालयको लागि एक कक्षा कोठा एक सिलिङ्ग पंखा वितरण गर्ने कार्यका लागि नगरबाट पंखा खरिद भई वितरण गर्ने र एक विद्यालय एक कम्प्यूटर वितरणको लागि सामग्री खरिद गरिएको छ ।

९. करिब तीन हजार गरिब तथा दलितलाई निःशुल्क मोतियाविन्दुको उपचार, मधुमेहबाट ग्रसित नागरिकको निःशुल्क उपचार र घर दैलो कार्यक्रम सञ्चालन भएको, उत्कृष्ट दलित विद्यार्थीलाई

उच्च शिक्षाको लागि पूर्ण छात्रवृति, २०० विद्यार्थीलाई पूर्ण छात्रवृति वितरण गरिएको, लहानको तीन वटा पिछडिएको वडाहरुमा बर्थिङ्ग सेन्टरको स्थापना गरी एमबिबिएस चिकित्सक ल्याउने तयारी, नगरपालिकाको सबै वडाको दलित समुदायको लागि ४० वटा ट्युशन कक्षाको व्यवस्था, दलित समुदायलाई किरिया खर्चको व्यवस्था, नगर क्षेत्रका विद्यालयहरुको प्रधानाध्यापकका लागि मासिक घुम्ती बैठक सम्पन्न भइसकेको छ भने आगामी आ.व. २०८१-०८२ मायस कर्यलाई निरन्तरता दिइएको छ ।

१०. दिसाजन्य लेदो उपचार केन्द्र (FSTP) तथा ठोस फोहोर व्यवस्थापन (Solid Waste Management) को लागि लहान नगरपालिका वडा नं. १५ मा स्थल छनौट भई चालु आ.व. २०८०-८१ देखि साझेदारी सँस्थाहरु WaterAidNepal, The Beacon Project र दलित जनकल्याण युवा क्लवको सहयोगमा निर्माण कार्यहरु सुरु गरिएको छ ।

११. मानिक दहको स्तरोन्नति, लहान नगर अस्पतालको निर्माण कार्य प्रारम्भ भएको, आर्यघाट निर्माणको ठेक्का व्यवस्थापन भइसकेको, दुर्गा मन्दिर निर्माण कार्यको शुरुवात, लहान बजारमा रहेको नहरलाई ड्रेन बनाउने कार्यको शुरुवात, आधुनिक सपिङ्ग कम्पेक्स निर्माण कार्य सुरु भएको आगामी आ.व. २०८१-८२ मा उल्लेखित निर्माण कार्य सम्पन्न गर्न बजेट विनियोजन गरिएको छ ।

१२. नगरपालिका क्षेत्रमा करिव १० कि.मी. सडक कालोपत्रे सम्पन्न गरिएको छ भने पि.सी.सी. र आर.सी.सी. गरी करिब २५ कि.मी सडक निर्माण गरिएको छ । विभिन्न स्थानमा करिब १० वटा कल्भर्ट निर्माण सम्पन्न गरिएको छ । यसरी नगरले आगमी आ.व.मा समेत भौतिक पुर्वाधारमा करिव ४० प्रतिशत वजेट विनियोजन गरिएको छ ।

१३. कृषि सडक निर्माण, करिव ५० वटा पोल वत्ती जडान, लहानको आँपलाई ब्रान्डिङ्ग गरी बजारीकरण गरिएको, किसानलाई औषधी छर्ने मेसिन कृषि उपकरण वितरण गरिएको, ५० विघामा धानको बीउ उत्पादनमा आत्मनिर्भर बनाउन कृषकलाई र कृषि समुहलाई तालिम र सहयोग गरिएको छ । यसरी कृषिलाई प्रथमिकताका साथ अघि बढाउन आगामी आ.व.मा नवीनतम् कार्य सञ्चालन गरिएको र भएका क्रमागत कार्यक्रमलाई समेत निरन्तरता दिन आवश्यकता अनुसार बजेट विनियोजन गरिएको छ ।

१४. एकल महिला सीमान्तकृतलाई आयआर्जन अभिवृद्धि गर्ने कार्यकालागि बाख्रा सहयोग, समुहमा उन्नत जातका बोका वितरण, महिलाहरुलाई स्वरोजगार बनाउन गुडिया बनाउने तालिम सञ्चालन, हिंसाबाट प्रभावित महिलालाई राहत र पुनर्स्थापना हेतु लैङ्गिक हिंसा कोष सञ्चालन, महिलाहरुलाई आर्थिक सहयोग वितरण गरिएकोमा आगामी वर्षमा पनि यी कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

१५. मिथिला कलासँस्कृतिलाई जगेर्ना गर्दै युवाहरुलाई उत्पादनमूखि बनाउन विभिन्न सरोकारवाला निकायको साझेदारीमा स्वरोजगार अभियान सञ्चालन गर्ने र नगरपालिकाभित्र रहेका पर्यटकीय स्थलहरु सलहेश फुलवारी, ब्रह्मान जंगल, पकडियागढ, देवी दह, मानिक दह, हात्तीदह, राजदेवी मन्दिर, राजाजी मन्दिर, काभ्रे महादेवस्थान लगायतका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक रधार्मिक महत्वका धरोहरहरुलाई विशेष महत्व दिईउक्तस्थानहरुमा भौतिक पूर्वाधारको विकास गरी पर्यटन प्रवर्द्धनको माध्यमवाट नगरको विकासगर्ने नीति लिएकोछु।

१६.चालु आ.व. २०८०-०८१ मा नगर विकासको हकमा दोस्रो फेजको सर्वे कार्य सम्पन्न भई त्यहाँको प्लानिङ्ग र प्लटिङ्ग कार्यको लागि भेरिफिकेसन सम्पन्न भइसकेको छ । आर्थिक वर्ष २०८१-०८२मा सो कार्यलाई सम्पन्न गरी दोस्रो फेजमा व्यवस्थित नगर विकास गर्ने कार्यलाई योजनावद्ध तरिकाले सञ्चालन गर्ने नीति लिएको छु । फेज १ मा ९५ प्रतिशत जग्गाधनीहरुले जग्गाधनी प्रमाणपूर्जाको फुकुवापत्र बुझिसकेको र सोमा भएको बाटोहरुको २०८१-०८२मा ग्राभेल तथा स्तरोन्नति गर्ने कार्य रहेको साथै सो क्षेत्रमा बनेका अव्यवस्थित घरहरुलाई व्यवस्थित गर्ने योजना ल्याएको छु ।

१७. नगर क्षेत्रभित्र नगरको सौन्दर्यकरण गर्नका लागि बाटोको राईट अफ वे खाली गर्ने, धुलाम्मे सडकलाई सफा गर्ने र विभिन्न स्थानमा सडक बत्ती तथा Street Light जडान गर्ने नीति अवलम्बन गरिएको छ ।

गत आ.व. २०७९/०८० को बाह्रौं नगरसभाबाट चालु आ.व. २०८०/०८१ का लागि रकम रु. १,३४,७१,८२,०००।०० (एक अरब चौंतिस करोड एकहत्तर लाख बयासी हजार मात्र) प्रस्तावित गरिएकोमा हालसम्म प्राप्त हुन आएको रकम मध्ये २०८१ साल जेष्ठ मसान्तसम्म चालु तर्फ रकम रु.४८,९७,४७,४०६।५२ खर्च भएको छ भने पूँजीगत तर्फ रकम रु. ३२,८५,०८,१९२।२२ समेत गरी जम्मा रकम रु. ८१,८२,५५,५९८।७४ खर्च हुन गएको छ ।

आगामी आ.व. २०८१-०८२को लागि आन्तरिक श्रोततर्फ रकम रु. ११,००,००,०००।००(एघार करोड मात्र), नगद अ.ल्या. तर्फ रकम रु.१४,५२,३९,०००।०० (चौध करोड बाउन्न लाख उन्नचालिस हजार मात्र), समानिकरण अनुदान संघीयतर्फ रु.२०,५३,००,०००।०० (वीस करोड त्रिपन्न लाख मात्र) र प्रदेश समानिकरण तर्फ रकम रु.१,५६,२६,०००।०० (एक करोड छपन्न लाख छब्बीस हजार मात्र) समेत गरी रकम रु. २२,०९,२६,०००।०० (बाईस करोड नौ लाख छब्बीस हजार मात्र), सशर्त अनुदान संघीय चालुतर्फ रकम रु. ३९,७५,००,००।०० (उनन्चालिस करोड पचहत्तर लाखमात्र), सशर्त अनुदान संघीय पूँजीगततर्फ रकम रु. ४,९४,०००००।०० (चार करोड चौरानब्बे लाख मात्र), सशर्त अनुदान प्रदेश पुँजीगत तर्फ रकम रु. ९५,००,०००।०० (पन्चानब्बे लाख मात्र), विशेष अनुदान संघीय पूँजीगत तर्फ रकम रु. ३,००,००,०००।०० (तिन करोड मात्र), विशेष अनुदान प्रदेश पुँजीगततर्फ रकम रु.३०,००,०००।००(तीस लाख मात्र), संघीय समपुरक अनुदान पूँजीगत तर्फ रकम रु.१,००,००,०००।०० (एक करोडमात्र), प्रदेश समपुरक अनुदान पूँजीगत तर्फ रकम रु.२०,००,०००।०० (वीस लाख मात्र) र संघिय राजस्व बाँडफाँडतर्फ रकम रु.१७,६०,००,०००।०० (सत्र करोड साठ्ठी लाख मात्र), प्रदेश राजस्व बाँडफाँडतर्फ रकम रु.२,५०,००,०००।०० (दुई करोड पचास लाख मात्र), मालपोत रजिष्ट्रेसन रकम रु.४,००,००,०००।०० (चार करोड मात्र) र सडक बोर्ड अनुदान रकम रु.१,००,००,०००।०० (एक करोड मात्र)समेत गरी जम्मा रकम रु.१,२३,०१,९२,०००।०० (एक अरब तेइस करोड एक लाख बयानब्बे हजार मात्र) आयतर्फ प्रस्तावित गरिएको छ भने व्ययतर्फ चालु खर्च रकम रु.६५,७६,४२,०००।०० (पैसठ्ठी करोड छयत्तर लाख बयालिस हजार मात्र) ५३.५ प्रतिशत, र पूँजीगत खर्च रकम रु. ५७.२५,५०,०००।०० (उनन्पचास करोड

पच्चिस लाख पचास हजार मात्र) ४६.५ प्रतिशत रागेत गरी जम्मा रकम रु. १,२३,०१,९२,०००।००(एक अरब तेइस करोड एक लाख बयानब्बे हजार मात्र)प्रस्तावित गरिएको छ ।

अन्त्यमा, लहान नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा नगरका प्राथमिकता र नगरवासीका आवश्यकताहरुका साथै स्थानीय सम्भावित पहिचान भएका श्रोत साधनको अधिकतम प्रयोग गर्दै तिव्रतर आर्थिक वृद्धिद्वारा दीगो आर्थिक विकाससहित समृद्ध नगर निर्माण गर्ने गरेको प्रतिवद्धता सम्वोधन गर्ने प्रयास हरपल गरिरहेका छौं । नगरपालिकामा उपलब्ध सीमित स्रोत तथा साधनको परिधिभित्ररही कार्य सम्पादन गर्ने क्रममा नगरपालिकाको चालु आर्थिक वर्षको केही क्रमागत योजनाहरु आगामी आर्थिक वर्षमा सरेर जाने देखिएकाले नयाँ कार्यक्रमहरुमा नगरपालिकाको सबै स्रोतको पूर्ण परिचालन गर्न नसकिने अवस्था छ। यस कारण सबै आकाङ्क्षा तथा आवश्यकताहरु सम्वोधन हुन सकेका छैनन्। आगामी वर्ष हाम्रो कार्यकालमा नगरवासीका आवश्यकता र मागहरुलाई पहिलो प्राथमिकतामा राखेर नगरलाई सुशासित र विकसित नगर बनाउनका लागि सम्पूर्ण प्रयत्न गरिनेछ।

वास्तवमै विकास आफैमा गतिशील र सकारात्मक परिवर्तनको अनुभूति र नविनतम परिवर्तनको विम्ब पनि हो, जनमानसमा सबैलाई छिटो विकास भएको प्रत्याभूतिको खाँचो पनि छ । यसका लागि सामाजिक स्थायित्व, समाज बनावट, भौगोलिक अवस्थिति र राविकका घटनाक्रमले सिकाएका शिक्षालाई वोध गरी, सामाजिक, संस्कृतिक, मानवीय, स्वास्थ्य, नगरसफाई, पोषण, विपद, लैङ्गिक हिंसा, शिक्षा, भौतिकपूर्वाधार, विकास प्रारूपप्रतिको हेराई तथा दृष्टिकोण नवीनतम सुरुवात र सामाजिक व्यवहार परिवर्तन तथा यी विषयहरुमाथि हुने अनावश्यक राजनीतिकरणको अन्त्य गर्नु अत्यन्त अपरिहार्य छ, यसका लागि विकासमा अपनत्व लिंदै सम्पूर्ण नगरवासीले साथ दिनुहुनेछ भन्ने अपेक्षा पनि लिएको छु । । यो नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा विभिन्न मार्गदर्शन तथा निर्देशिकाहरु मार्फत प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउने नेपाल सरकार तथा प्रदेश सरकार,राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, माननीय मन्त्री सांसदज्यूहरु, वडाका अध्यक्ष एवं सबै सदस्य ज्यूहरु, सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विषयगत समितिहरु, विषयगत कार्यालय, सुरक्षा निकाय एवं सरकारी कार्यालयहरु, गैरसरकारी सँस्थाहरु, उद्योगी व्यवसायीहरु, सञ्चारकर्मीहरु, नागरिक समाज, आम नगरवासी र नगरसभा तयारीका लागि अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरुमा हार्दिक आभार प्रकट गर्दै "हाम्रो लहान-सुन्दर, समुन्नत र सभ्य लहान" अभियानमा ऐक्यबद्धता तथा सहयोगको अपेक्षा सहित बिदा हुन्छु।

साथै, आ.व. २०८१-०८२ को नीति तथा कार्यक्रम र बजेटको विस्तृत विवरण नगर उपप्रमुख रामचलित्तर महतोमार्फत यस नगरसभामा पेश हुने जानकारी गराउँदछु । धन्यबाद ।

जय लहान ।।।

महेश प्रसाद चौधरी

नगर प्रमुख